जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ५९ २०८३ साल जेठ ३१ गते, आइतबार Sunday, June.– 14 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## मटिअर्वा नाका केन्द्रित तस्करी नियन्त्रणमा सुधार नदेखिएको स्थानीय आरोप, नयाँ गृहमन्त्री र डीआईजी आए पनि प्रभाव शून्य

***संवाहक सम्वाददाता**-३० बैशाख, कलैया*



मटिअर्वा भन्सार नाका केन्द्रित बाराको सीमा क्षेत्रमा नयाँ गृहमन्त्री तथा मधेश प्रदेश प्रहरी प्रमुख (डीआईजी) को नेतृत्व आए पनि तस्करी नियन्त्रणमा कुनै उल्लेखनीय सुधार नदेखिएको स्थानीयवासी तथा सरोकारवालाहरू ले दैनिक अहोरात्र हुने अबैध गतिबिधिले चिन्ता व्यक्त गरेका छन्।

स्थानीय स्रोतका अनुसार मटिअर्वा नाकाबाट भारतिय तस्कर मोजामिलको कबाड धन्धा, लत्ता-कपडा, खाने तेल, काजु-किसमिस, फर्सी बीउ लगायतका सामग्रीहरूको अवैध ओसारपसार निरन्तर रूपमा भइरहेको छ। यी सामग्रीहरू मोटरसाइकल तथा साना सवारीसाधन मार्फत रातदिनजसो कलैया लगायतका बजार क्षेत्रका गोदामसम्म पुऱ्याइने गरेको दाबी गरिएको छ। मटिअर्वा छोटी भंसार तथा बोर्डरको सुरक्षार्थ कमाण्ड सम्हालेका सशस्त्र प्रहरीका डिएसपी संतोष अधिकारी मुक्दर्शक बनेका छन्।

त्यस्तै, मटिअर्वा-धर्मनगर मार्ग, सिम्रौनगढ क्षेत्र भोलाको कपडा तस्करी, अरबिन्दको काजु चक्लेट कुशवाहाको माछा र फर्सीको बीउ, कवही गोठबाट खेन्नाको दर्जनौ मोटरसाईकल मार्फत, बरियारपुर तथा गञ्जभवानीपुर आसपासका विभिन्न रुटहरूलाई तस्करीको वैकल्पिक मार्गका रूपमा प्रयोग गरिएको भिडियो र फोटो सार्बजनिक भएसँगै अनियन्त्रित गतिबिधि निर्वाद्ध रुपमा रहेको स्थानीय श्रोतको दाबी छ। संगठित समूहहरूले सीमा क्षेत्रलाई व्यवस्थित रूपमा प्रयोग गर्दै अवैध कारोबार विस्तार गरिरहेको दाबी पनि गरिएको छ।

कतिपय स्थानीयले सीमा क्षेत्रमा खटिएका सुरक्षा निकायका केही घुमुवा तथा गस्ती टोलीमार्फत असुली गरेर तस्करीलाई 'लाइन' दिइएको गम्भीर आरोपसमेत लगाएका छन्। तर यी आरोपहरूको आधिकारिक पुष्टि भने हालसम्म हुन सकेको छैन।

स्थानीयवासीका अनुसार अवैध कारोबारका कारण राज्यलाई दैनिक रूपमा ठूलो राजस्व घाटा भइरहेको

बाँकी तेस्रो पृष्ठमा

## ललिता दास "विद्रोही" कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कारबाट सम्मानित

*जनकपुर, जेठ ३० –*



मधेश प्रदेश सभा सदस्य तथा सामाजिक अभियन्ता ललिता दास तत्मा 'विद्रोही'लाई यस वर्षको कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार-२०८२ प्रदान गरिएको छ। मानव अधिकार तथा शान्ति समाजद्वारा स्थापित उक्त पुरस्कारको राशि एक लाख १० हजार रुपैयाँ रहेको छ। सामाजिक न्याय, मानव अधिकारको संरक्षण तथा सीमान्तकृत समुदायको सशक्तीकरणमा पुऱ्याएको उल्लेखनीय योगदानको कदरस्वरूप विद्रोहीलाई सम्मान गरिएको हो।

शनिबार आयोजित विशेष समारोहमा मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभले उनलाई पुरस्कार प्रदान गरे। मानव अधिकार तथा शान्ति समाजकी केन्द्रीय सभापति रेनुका पौडेलका अनुसार दलित, महिला तथा सीमान्तकृत समुदायको हकअधिकारका लागि निरन्तर संघर्ष गर्दै सामाजिक न्यायको आन्दोलनलाई सशक्त बनाएको योगदानको मूल्यांकन गर्दै विद्रोहीलाई सम्मान गरिएको हो।

सिराहा जिल्लाको सन्हैठा गाउँमा वि.सं. २०४२ साउन १४ गते जन्मिएकी ललिता दास हाल लहान निवासी हुन्। उनी मधेश प्रदेश सभाकी सदस्य हुनुका साथै प्रदेश सभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा समेत आबद्ध छिन्। साथै, उनी जनता समाजवादी

बाँकी तेस्रो पृष्ठमा

## मधेशका शैक्षिक परामर्श संस्थाहरू एकताबद्ध, छाता संगठन गठन।

***संवाहक सम्वाददाता**-३० बैशाख, कलैया*



मधेश प्रदेशमा सञ्चालित शैक्षिक परामर्श संस्थाहरूलाई संगठित गर्दै 'मधेश शैक्षिक परामर्श संघ नेपाल' नामक छाता संगठन गठन गरिएको छ। चन्द्रनिगाहपुरमा सम्पन्न भेलाले गणेश थापाको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन गरेको हो।

नवगठित संघले प्रदेशभरका परामर्श संस्थाहरूलाई एउटै संरचनामा ल्याउँदै पेशागत हकहित संरक्षण, व्यवसायिक मर्यादा कायम, तथा नीति-नियम सुधारका लागि पहल गर्ने जनाएको छ।

संघको उपाध्यक्षमा सिमा उप्रेती, सचिवमा ओमकिशोर चौधरी र कोषाध्यक्षमा झरना योञ्जन चयन भएका छन्। सदस्यहरूमा रामहरि श्रेष्ठ, रेखा गुप्ता, राजु चौलागाई, सुमित भण्डारी, टिका जंग थापा, प्रेम पाण्डे र चिरन्जीवी खनाल रहेका छन्।

संघका अध्यक्ष गणेश थापाले शैक्षिक परामर्श क्षेत्रमा देखिएका प्रशासनिक र नीतिगत समस्यालाई समाधान गर्न प्रदेश सरकारसँग समन्वय गरिने बताए। उनले माग सम्बोधन नभएमा आवश्यक

बाँकी तेस्रो पृष्ठमा

## मानमत-मटिअर्वा सडक विकासको प्रतीक्षामा अलपत्र ३ किलोमिटर, अब समाधानतर्फ ठोस पहलको आवश्यकता

***"बाराको मानमत-मटिअर्वा सडक वर्षौंदेखि अलपत्र रहँदा स्थानीयले हिलो, धुलो र दुर्घटनाको जोखिम भोगिरहेका छन्। चुनावी आश्वासन मात्रै सीमित हुँदा जनआक्रोश बढ्दै गएको छ। अब तत्काल मर्मतसँगै दीर्घकालीन कालोपत्रे निर्माण र प्रभावकारी अनुगमन अनिवार्य देखिन्छ।"***



***लेखकः पन्नालाल दास***

बारा जिल्लाको कलैया उपमहानगरपालिका अन्तर्गत पर्ने मानमत-मटिअर्वा करिब ३ किलोमिटर सडक खण्ड वर्षौंदेखि अलपत्र अवस्थामा रहँदा स्थानीय नागरिकको दैनिकी अत्यन्तै प्रभावित बनेको छ। विकासका योजना, चुनावी एजेन्डा र राजनीतिक प्रतिबद्धतामा पटक-पटक समेटिए पनि सडकको वास्तविक अवस्था भने जस्ताको त्यस्तै रहँदा नागरिकमा गहिरो असन्तोष र निराशा बढ्दै गएको छ।

सत्ता परिवर्तन हुँदै जनप्रतिनिधि फेरिए पनि सडकको अवस्था परिवर्तन हुन नसक्नुले विकास कार्यप्रति प्रश्न उठेको स्थानीयको भनाइ छ। वर्षायाममा सडक हिलाम्य भएर आवतजावत जोखिमपूर्ण हुने र सुख्खा मौसममा अत्यधिक धुलो उडेर वातावरण प्रदूषित हुने समस्या नियमित बनेको छ। यसले स्थानीय जनजीवन मात्र होइन, सार्वजनिक स्वास्थ्यमा समेत प्रत्यक्ष असर पारेको छ।

विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा दीर्घ श्वासप्रश्वास रोग भएका नागरिकहरू बढी प्रभावित भएका छन्। धुलोका कारण दम, टीबी, एलर्जी तथा अन्य श्वासप्रश्वाससम्बन्धी समस्या बढ्दै गएको स्थानीय स्वास्थ्यकर्मीहरूको समेत बुझाइ छ। सडक छेउका बस्तीहरूमा घरभित्रसम्म धुलो पस्ने समस्या हुँदा दैनिक जीवन कष्टकर बनेको छ।

यातायात व्यवसायीहरूका अनुसार यो सडक खण्डको जर्जर अवस्थाका कारण सवारी साधन बारम्बार बिग्रिने, इन्धन खर्च बढ्ने, समय बढी लाग्ने र दुर्घटनाको जोखिम उच्च हुने अवस्था सिर्जना भएको छ। कलैया बजार, भरत चोक र घण्टाघर क्षेत्रसँग जोडिने भएकाले यो सडक शहरको समग्र आवागमन र सौन्दर्यसँग समेत प्रत्यक्ष सम्बन्धित छ। तर लामो समयदेखि अलपत्र अवस्थाले शहरको विकास छविमा नकारात्मक असर पारेको छ।

स्थानीयवासीहरूले विकास निर्माणका नाममा पटक-पटक धर्ना, जुलुस र राजनीतिक कार्यक्रम भए पनि व्यवहारिक उपलब्धि नदेखिएको गुनासो गरेका छन्। उनीहरूका अनुसार चुनावका बेला दिइएका आश्वासनहरू कागजमै सीमित भएका छन्।

यस सडक खण्डको समस्या समाधानका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना स्पष्ट रूपमा अघि बढाउनुपर्ने देखिन्छ। तत्कालीन रूपमा सडकमा भएका खाल्डाखुल्डी पुर्ने, पानी निकास (ड्रेनेज) सुधार गर्ने र ग्राभेलिङ गरी आवतजावत योग्य बनाउने काम अनिवार्य छ। साथै, धुलो नियन्त्रणका लागि

बाँकी तेस्रो पृष्ठमा

## कमला पुल निर्माणमा फेरि ढिलाइ, सम्पन्न हुने मिति अनिश्चित

*धनुषा/सिरहा, जेठ ३० –*



धनुषा र सिरहालाई जोड्ने महत्वपूर्ण कमला पुलको निर्माण कार्य फेरि अनिश्चित बनेको छ। निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि पुल सम्पन्न हुन नसकेपछि यस वर्ष पनि सञ्चालनमा आउने सम्भावना कमजोर देखिएको छ।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरधामका अनुसार वर्षायाम सुरु भएसँगै कमला नदीमा बाढीको जोखिम बढेकाले तत्काल पुल निर्माण सम्पन्न हुने अवस्था छैन। मधेश प्रदेशको 'लाइफलाइन' मानिने उक्त पुलको ढिलाइले दुवै जिल्लाका नागरिकको दैनिक आवतजावतमा अझै कठिनाइ कायम रहने देखिएको छ। करिब ४७० मिटर लामो यो पुल निर्माणका लागि २०६८ जेठ ३१ गते ४२ महिनाभित्र सम्पन्न गर्ने गरी पप्पु-लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो। तर तोकिएको समयमा काम सम्पन्न हुन नसकेपछि ठेक्का तोडेर पछि लुम्बिनी बिल्डर्सलाई जिम्मा दिइएको थियो।

निर्माण अन्तिम चरणमा पुगेको अवस्थामा २०७८ साउनमा पुल भासिएपछि पुनः निर्माण कार्य रोकिएको थियो। १३ वटा पिलर र १२ वटा स्पान रहेको पुलमध्ये सिरहातर्फ दोस्रो र धनुषातर्फ चौथो पिलर भासिएको थियो। त्यसयता निर्माण कम्पनी र बीमा कम्पनीबीचको विवादका कारण काम वर्षौंसम्म अवरुद्ध रहँदै आएको

बाँकी तेस्रो पृष्ठमा

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”

- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय ........

## काठमाडौं-निजगढ फास्ट ट्र्याक : मधेशको लाइफलाइन, अब ढिलाइ अस्वीकार्य

काठमाडौं-निजगढ द्रुतमार्ग (फास्ट ट्र्याक) केवल एउटा सडक आयोजना होइन, यो नेपालको आर्थिक रूपान्तरणसँग जोडिएको राष्ट्रिय गौरवको परियोजना हो। राजधानी काठमाडौंलाई मधेश र दक्षिणी सीमासँग आधुनिक सडक सञ्जालमार्फत जोड्ने यो आयोजना पूरा भएपछि मुलुकको यातायात, व्यापार, उद्योग, पर्यटन र लगानीको स्वरूप नै परिवर्तन हुने अपेक्षा गरिएको छ। करीब ७०.९७ किलोमिटर लम्बाइको यो द्रुतमार्ग निर्माण सम्पन्न भएपछि काठमाडौंबाट निजगढ पुग्न हाल लाग्ने ५-६ घण्टाको यात्रा घटेर करिब एक घण्टाभित्र सीमित हुने अनुमान छ। छोटो दूरी, कम इन्धन खर्च र तीव्र आवागमनले देशको आर्थिक गतिविधिलाई नयाँ गति दिनेछ। विशेषगरी वीरगञ्ज नाका हुँदै हुने नेपालको अधिकांश आयात-निर्यात व्यापारका लागि यो मार्ग जीवनरेखा सावित हुनेछ। मधेश प्रदेशका लागि त फास्ट ट्र्याक विकासको नयाँ ढोका खोल्ने पूर्वाधार हो। वीरगञ्ज, सिमरा, निजगढ, कलैया, जनकपुरदेखि पूर्व-पश्चिम राजमार्गसँग जोडिएका क्षेत्रको आर्थिक सम्भावना विस्तार हुनेछ। उद्योग, व्यापार, कृषि उत्पादन र पर्यटन प्रवर्द्धनमा यसको प्रत्यक्ष प्रभाव पर्नेछ। यही कारण फास्ट ट्र्याकलाई मधेशको ‘लाइफलाइन’ समेत भन्ने गरिएको छ। तर यति महत्वपूर्ण परियोजना अपेक्षित गतिमा अघि बढ्न नसक्नु चिन्ताको विषय हो। विभिन्न प्राविधिक जटिलता, सुरुङ निर्माण, पुल निर्माण, ठेक्का व्यवस्थापन तथा प्रशासनिक प्रक्रियाका कारण आयोजना पटक-पटक ढिलाइको शिकार बनेको छ। समयसीमा सारिने क्रमले लागत बढाउनुका साथै परियोजनाप्रति नागरिकको विश्वाससमेत कमजोर बनाएको छ। राष्ट्रिय गौरवका आयोजनामा हुने ढिलाइले विकासको लागत मात्र बढाउँदैन, त्यसले आर्थिक अवसरहरू पनि गुमाउँछ। फास्ट ट्र्याक समयमै सञ्चालनमा आउन नसक्दा उद्योगी, व्यवसायी, यातायात क्षेत्र र सर्वसाधारणले प्राप्त गर्न सक्ने लाभ वर्षौंदेखि रोकिएको अवस्था छ। यसले मुलुकको समग्र प्रतिस्पर्धात्मक क्षमतामै असर पुऱ्याइरहेको छ। सरकार र नेपाली सेनाले निर्माण गरिरहेको यस परियोजनाको अधिकांश संरचनात्मक काम सम्पन्न हुने चरणमा पुगेको बताइए पनि नागरिकले परिणाम हेर्न चाहेका छन्। हालको लक्ष्यअनुसार आगामी केही वर्षभित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने प्रतिबद्धता गरिएको छ। अब यो प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ। समयसीमा फेरि सार्ने प्रवृत्तिले आयोजना व्यवस्थापनको कमजोरी मात्र उजागर गर्नेछ। फास्ट ट्र्याक निर्माण सम्पन्न हुनु भनेको काठमाडौं र मधेशबीचको दूरी मात्र घट्नु होइन, विकास र अवसरबीचको दूरी पनि कम हुनु हो। यसले मधेशलाई राष्ट्रिय अर्थतन्त्रको केन्द्रसँग अझ मजबुत रूपमा जोड्नेछ। त्यसैले यो परियोजनालाई राजनीतिक बहस र प्रशासनिक ढिलासुस्तीको बन्दी बनाइनु हुँदैन। देशले अब आश्वासन होइन, उपलब्धि खोजिरहेको छ। काठमाडौं-निजगढ फास्ट ट्र्याक निर्धारित समयभित्र गुणस्तरीय रूपमा सम्पन्न गर्न सकिएमा यसले नेपालको पूर्वाधार विकासमा नयाँ इतिहास रच्नेछ। मधेशको लाइफलाइनका रूपमा हेरिएको यो आयोजना अब थप ढिलाइको होइन, सफल समापनको प्रतीक्षामा छ।

# संसदीय सुन्दरताको रक्षा



नयाँ सोच अनि नवआकाङ्क्षाले भरिएको प्रतिनिधि सभामा फेरि अराजक गतिविधि मौलाउन थालेका छन् । विरोधका नाममा विरोध र संसदीय मर्यादालाई भुल्ने वा भुलाउने कोसिस भइरहेको छ । शक्तिको आड वा विरोधको अन्धरणनीतिले फेरि नेपाली संसद् बन्धक बन्नु हुँदैन । त्यसका लागि सरकार पनि उदार बन्नु पर्छ अनि संसद्को एउटा सानो कुनो ओगटेको भए पनि प्रतिपक्ष झनै रचनात्मक बन्नु पर्छ ।



डा. शोभाकर पराजुली

“संसद् भनेको फरक, विरोधी र सङ्कुचित स्वार्थ बोकेका दूतहरूको भिडभाडयुक्त बजार होइन; जहाँ हरेक प्रतिनिधि कुनै एउटा एजेन्ट जसरी आफ्नो नाफाघाटाको हिसाब बोकेर प्रस्तुत हुन्छ। संसद् त एउटा त्यस्तो एक मात्र महास्वार्थहरूको पवित्र सभा बन्नु पर्छ; जहाँ राष्ट्रहितको दियो मात्रै सर्वोच्च हुन्छ, त्यसले सधैँ उज्यालो छरिरहन्छ ।” आजभन्दा लगभग दुई सय वर्षभन्दा पहिला अर्थात् १८ औँ शताब्दीको हिउँदेयामको एक दिन महान् राजनीतिक विचारक एडमन्ड बर्कले बेलायतको चिसो ब्रिस्टल सहरमा उभिएका मतदातालाई संसद्को यो परिभाषा सुनाउँदै थिए ।

संसदीय राजनीतिमा यो कुनै गणितीय सूत्र थिएन, उनले संसदीय प्रजातन्त्रको एउटा शाश्वत र शक्तिशाली हतियारलाई अझै निखारिरहेका थिए । उनको त्यो ओजपूर्ण वाणी अहिले पनि संसदीय लोकतन्त्रका परिभाषाहरूमा पहिलो पङ्क्तिमै देख्न सकिन्छ। उनको यो संसदीय राजनीतिक दर्शनलाई गहिरिएर बुझ्ने हो भने जब नागरिकले मतपेटिकामा आफ्नो मतद्वारा एउटा प्रतिनिधि चुन्छ वा छान्छ; अनि चुनिएर संसद्मा जाने त्यो व्यक्ति केवल एउटा निर्वाचन क्षेत्र, एउटा भूगोल, जात, वा निश्चित मतदाताको बन्धक रहँदैन। ऊ त सम्पूर्ण राष्ट्रिय स्वार्थलाई प्रतिनिधित्व गर्ने, देशको भूगोल र भावनालाई जोड्ने एक सार्वभौम र स्वाधीन सर्वोच्च निकायको दूतका रूपमा चिनिन्छ ।

युरोपको यो वैचारिक उद्भव र नेपाली माटोको राजनीतिक इतिहासको निर्माण र यात्राबिच सताब्दिऔँको अन्तराल छ। बेलायतभन्दा नेपालको संसद् करिब १५० वर्षभन्दा कान्छो हो। पश्चिमा आधुनिक राजनीतिको इतिहास कोरिनुभन्दा झन्डै दुई शताब्दीअगाडि नै टेम्स नदीको किनारमा संसदीय अभ्यासका प्रारम्भिक रेखाहरू कोरिइसकेका थिए । ७५० वर्षभन्दा पुरानो इतिहास बोकेको बेलायती ‘वेस्टमिन्स्टर’ प्रणालीको विकास क्रमिक र संस्थागत थियो; जहाँ राजतन्त्र र संसद् आआफ्ना सीमा कोर्दै अघि बढे । हिमालयमुनिको यो नेपालको संसदीय राजनीतिको कथा भने भिन्न रह्यो । यहाँ संसद्को पहिलो ऐतिहासिक ढोका राणा शासनको अन्तिम प्रहरमा मात्रै उघारिने प्रयासमा थियो । पद्मशमशेरको उदारवादी कदम मानिएको ‘नेपालको वैधानिक कानुन, २००४’ को जगमा मोहनशमशेरको अनुदार कार्यकालमा पहिलो पटक दुई सदन भएको संसद्को बैठक त डाकियो तर त्यो केवल इतिहासको एउटा निरर्थक ठट्टामात्रै बन्न पुग्यो। त्यो संसद् जनभावनाको जगमा उभिएको थिएन अर्थात् त्यो जननिर्वाचित संसद् थिएन। त्यहाँ जनताको मतको कुनै सुगन्ध थिएन । मात्रै केही जहानियाँ दरबारिया भारदारहरूको एउटा पारिवारिक सभा जस्तो मात्रै थियो। त्यसको निरन्तरता सम्भव थिएन र भएन पनि ।

आखिर इतिहास त विचार अनि सिद्धान्तको जगमा लेखिने हो । नेपाली राजनीतिको माटोले वास्तविक लोकतान्त्रिक संसद्को सुगन्ध पहिलो पटक विसं २०१६ जेठ १३ गते ग्रहण गऱ्यो। २०१५ सालको ऐतिहासिक आमनिर्वाचन; जुन वालिग मताधिकारका आधारमा नेपाली इतिहासकै पहिलो निर्वाचन थियो; त्यसैको गर्भबाट यो संसद्को जन्म भएको थियो । ग्यालरी बैठकमा जनप्रतिनिधिको त्यो पहिलो जमघट नै नेपालको आधुनिक राजनीति र संसदीय लोकतन्त्रको एउटा जग थियो । यही संसद्ले नेपाली राजनीतिक आकाशका एक चम्किलो नक्षत्र विश्वेश्वरप्रसाद (बिपी) कोइरालालाई प्रधानमन्त्रीका रूपमा चयन गऱ्यो । दुई तिहाइको बहुमतसहित सत्ताको बागडोर समाल्दै बिपी पहिलो जननिर्वाचित प्रधानमन्त्री बने। नेपाली माटोको मनोविज्ञान र संसद्को चरित्रलाई राम्रोसँग बुझेका बिपी प्रतिपक्षी र विरोधी स्वरको महत्वलाई जोड दिँदै पटक पटक भन्ने गर्थे, “संसदीय राजनीतिमा विरोधीको सम्मान, सहनशीलता र राष्ट्रियताको द्वन्द्वात्मक विकास अपरिहार्य हुन्छ । विपक्षीबिनाको संसद् ऐनाबिनाको कोठा जस्तै हो; जहाँ समाजले आफ्नो वास्तविक कुरूपता वा सुन्दरता केही देख्न सक्दैन ।”

बिपीको यो विचारले स्पष्ट पार्छ- संसद् सत्तापक्षको भजनमण्डली होइन; यो त प्रतिपक्षको रचनात्मक आलोचनाको रापमा खारिने राष्ट्रिय नीतिको एउटा महासभा हो । नेपाली राजनीतिमा दुर्भाग्यका त्यस्ता धेरै प्रारब्धहरूको प्रलय भएको छ; जहाँ बिपीका जस्ता परिपक्व विचारले नेपाली धर्तीमा जरा गाड्नै पाएन । करिब ७० वर्ष लामो संसदीय राजनीतिक यात्रामा नेपाली संसद्ले जुन आरोहअवरोह बेहोर्नु पऱ्यो; त्यसले नेपाली लोकतन्त्र कहिल्यै हुर्किनै पाएको छैन ।

विसं २०१६ मा सुरु भएको जननिर्वाचित संसद्ले आफ्नो पूर्ण आकार ग्रहण गर्नै पाएको थिएन। यो त केवल एउटा कलिलो बिरुवा थियो । यसलाई राष्ट्रियता, राजनीति र विकासको पानी चाहिएको थियो। दरबारको निरङ्कुश आकाङ्क्षा र राजा महेन्द्रको अभीष्टले यो कलिलो लोकतन्त्रमाथि निर्मम प्रहार गऱ्यो। २०१७ साल पुस १ को त्यो कालो दिन, जब राजाले सेनाको बलमा जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला लगायतका नेताहरूलाई बन्दी बनाए र संसद् भङ्ग गरे; त्यो नेपाली इतिहासको सबैभन्दा ठुलो दुर्घटना थियो । पञ्चायती व्यवस्थाको त्यो तीन दशक केवल राजनीतिक शून्यताको कालखण्ड मात्र थिएन; त्यो त विचारमाथि लागेको प्रतिबन्ध र संसद्को नाममा पपेटहरूको प्रभारी सभा जस्तै थियो । त्यो कालखण्डमा फेरि एउटा पुस्ताले लामो राजनीतिक लडाइँ लड्नु पऱ्यो । २०४६ सालमा ऐतिहासिक जनआन्दोलनको राँको बल्यो । नेपाली जनता फेरि सडकमा ओर्लिए र प्रजातन्त्र पुनःस्थापना सम्भव भयो। २०४७ सालमा नयाँ संविधान लेखियो । फेरि नेपाली राजनीतिमा अर्को विडम्बनाको युग सुरु भयो । राजनीतिक दल र तिनका नेतामा सत्ताको लुछाचुँडी र ह्वात्तै मौलाएको विकृतिले संसद्को गरिमालाई धमिलो बनाउँदै लगे। दलहरूले सही राजनीतिक दिशा र गति समाउन नसक्दा संसदीय व्यवस्थाप्रति जनतामा वितृष्णा जाग्न थाल्यो । यही वितृष्णा र वर्गीय, क्षेत्रीय तथा जातीय उत्पीडनको परिणाम थियो, २०५२ सालमा तत्कालीन नेकपा (माओवादी) को सशस्त्र विद्रोहको घोषणा। त्यो विद्रोहकै कारण मुलुक १० वर्षसम्म थिलथिलो भयो। विसं २०६२/६३ को ऐतिहासिक दोस्रो जनआन्दोलनकै बलमा स्थापित संविधान सभाले २०६५ साल जेठ १५ गते नेपालको इतिहासमा एउटा नयाँ, चम्किलो र सुनौलो पाना थपियो- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल !

गणतन्त्रको उदयसँगै नेपाली जनताले आफ्नो संविधान आफैँ लेख्ने महाअभियान थालनी गरे। यो यात्रा पनि कम्ता पीडादायी रहेन । पहिलो संविधान सभा (२०६४-२०६९) जातीय, क्षेत्रीय र शासकीय स्वरूपको विवादमा अल्झिएर बिनासंविधान अवसान भयो। संसद् राजनीतिक दलहरूको अहङ्कार र दाउपेचको क्रीडास्थल बन्यो । २०७० सालमा दोस्रो संविधान सभा निर्वाचित भएपछि मात्रै २०७२ साल असोज ३ गते नेपालको इतिहासमा पहिलो पटक जनप्रतिनिधिले हस्ताक्षर गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधान जारी भयो । यो संविधान जारी हुँदाको समय नेपाली राष्ट्रियताका लागि एउटा ठुलो प्रसव वेदनाको घडी थियो । एकातिर मधेश आन्दोलनको राँको बलिरहेको थियो भने अर्कातिर बाह्य शक्तिको अघोषित नाकाबन्दीले नेपाली भान्साहरू छटपटाइरहेका थिए । संविधान सभाले आफ्नो स्वाभिमान र स्वाधीनता डगमगाउन दिएन। सबै राजनीतिक दल एक भएर संविधान जारी गरे । यसबाट नेपाली राजनीतिको सार्वभौम छवि फेरि एक पटक विश्वभरि प्रशंसाको विषय बन्यो । संविधान जारी भएपछि २०७४ सालमा नेपालको इतिहासमा पहिलो पटक तिनै तह (स्थानीय, प्रदेश र सङ्घीय) को आमनिर्वाचन सम्पन्न भयो । यो निर्वाचन केवल राजनीतिको एउटा प्राविधिक प्रक्रिया मात्र थिएन; यो त नेपालको सङ्घीयताको पहिलो पाइला थियो । सिंहदरबारको अधिकार गाउँ गाउँमा पुऱ्याउने प्रतिबद्धतासहित दलहरू जनताको आँगनमा पुगेका थिए अर्थात् सङ्घीयताको यो एक प्रारम्भिक यात्रा थियो ।

त्यो निर्वाचनमा तत्कालीन माओवादी र एमालेलगायतका केही कम्युनिस्ट दलले गठजोड गरे । यसबाट उनीहरूको लगभग दुई तिहाइ बहुमत आएको थियो । राजनीतिक अस्थिरताबाट आहत भइसकेका नेपाली जनताले त्यो बेला स्पष्ट म्यान्डेट दिएका थिए- अब पाँच वर्ष दायाँबायाँ हुने छैन । त्यही सार्वभौम संसद्बाट निर्वाचित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको महत्वाकाङ्क्षाले फेरि नेपाली राजनीतिलाई अर्कै दिशातिर धकेल्न थाल्यो। सरकार शक्तिशाली थियो तर संसद्मा प्रतिपक्ष कमजोर जस्तै देखियो । नेपाली राजनीतिमा दोहोरिइरहने यो एउटा त्यस्तो विडम्बना हो; जसबाट नेपाली राजनीतिले आफैँमा पटक पटक हारेको छ । एउटा निर्वाचित शासकको अहङ्कार र शक्ति हठको सिकार फेरि त्यही जननिर्वाचित संसद् नै बन्न पुग्यो । पटक पटक संसद् विघटनको अभीष्टले अन्ततः दुई तिहाइको ओली सरकार ढल्यो । फेरि अस्थिरताका सिकार बन्दै २०७९ सालमा आमनिर्वाचन भयो। २०७९ सालको आमनिर्वाचनले संसद्को नयाँ रूपरेखा त कोर्न खोज्दै थियो तर कुनै ठुलो परिवर्तन ल्याउन सकेको थिएन । सांसदहरूको होहल्ला र दलहरूको सत्ताको खेलबाहेक संसदीय कामकारबाही खासै चित्तबुझ्दो भइरहेका थिएनन् । त्यहीबिचमा आक्रोश, आकाङ्क्षा र निराशाले पिल्सिइरहेका नयाँ पुस्ताले इन्टरनेटको लडाइँ सुरु गरे । विसं २०८२ नेपाली राजनीतिको इतिहासमा अर्को एउटा महाक्रान्तिको साक्षी बन्यो । डिजिटल दुनियाँमा जन्मिएका नेपालको नयाँ पुस्ताले सुरु गरेको जेनजी विद्रोहले केही घण्टामै दुई शक्तिशाली दलको सरकार ढालिदियो । यो अप्रत्याशित विद्रोहको परिणाम फेरि नेपालले कम्तीमा छ महिना निर्दलीय शासन बेहोर्नु पऱ्यो। २०८२ फागुन २१ को आमनिर्वाचनले नयाँ संसदीय इतिहास बनायो। राष्ट्रिय स्वतन्त्र पार्टी दुई तिहाइनजिक मत ल्याई यतिबेला सत्तासीन छ । त्यस्तै प्रारब्धले फेरि नेपाली राजनीति र संसदीय प्रजातन्त्रको उज्यालो छेक्ने प्रयास भइरहेको छ। नयाँ सोच अनि नवआकाङ्क्षाले भरिएको प्रतिनिधि सभामा फेरि अराजक गतिविधि मौलाउन थालेका छन्। विरोधका नाममा विरोध र संसदीय मर्यादालाई भुल्ने वा भुलाउने कोसिस भइरहेको छ । शक्तिको आड वा विरोधको अन्धरणनीतिले फेरि नेपाली संसद् बन्धक बन्नु हुँदैन। त्यसका लागि सरकार पनि उदार बन्नु पर्छ अनि संसद्को एउटा सानो कुनो ओगटेको भए पनि प्रतिपक्ष झनै रचनात्मक बन्नु पर्छ किनकि संसद्मा एउटा मात्रै किन नहोस्, प्रतिपक्ष नै संसद्का लागि ‘सबकुछ’ हो । संसदीय लोकतन्त्रको यो सुन्दरतालाई मर्न र मार्न नदिऔँ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## उत्तरपूर्वी भारतमा सैन्य विमान दुर्घटना

*नयाँदिल्ली, जेठ ३० गते ।*

भारतीय वायु सेना (आइएएफ) को एएन-३२ परिवहन विमान शनिबार उत्तरपूर्वी राज्य आसाममा दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् । यस क्षेत्रमा कार्गो र आपूर्तिका लागि प्रयोग गरिने दुई इन्जिन भएको टर्बोप्रप सैन्य परिवहन विमान, आसामको राजधानी दिसपुरबाट लगभग २९८ किलोमिटर उत्तरपूर्वमा रहेको जोरहाट जिल्लाको आइएएफ स्टेशनमा अवतरण गर्ने प्रयास गर्दा दुर्घटनाग्रस्त भएको जनाइएको छ।



अहिलेसम्म, दुर्घटनामा हताहत भएको कुनै रिपोर्ट गरिएको छैन । दुर्घटनापछि, वरिष्ठ आइएएफ अधिकारी उद्धार र उद्धार अधिकारीहरुको समन्वयमा घटनास्थलमा उद्धार आगो नियन्त्रण गरेको बताइएको छ । दुर्घटनाको कारण आलसम्म पत्ता नलागेको जनाउदै आइएएफले अनुसन्धानको लागि निर्देशन दिइ सकेको बताएको छ ।

## भारतीय आँप आयामतमा जैविक सुरक्षाका लागि कडाइ

*जनकपुरधाम, जेठ ३० –*

भारतीय आँपमा नेपाल सरकारले पूर्ण प्रतिबन्ध लगाएको भन्ने चर्चा बजारदेखि सामाजिक सञ्जालसम्म फैलिरहेका बेला सरकारले त्यसलाई भ्रमपूर्ण प्रचार भएको स्पष्ट पारेको छ। सम्बन्धित निकायका अनुसार भारतबाट आयात हुने आँपमा रोक लगाइएको नभई जैविक सुरक्षा सुनिश्चित गर्न नयाँ मापदण्ड लागू गरिएको हो।

प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले भारतीय आँपबाट नेपालका बगैंचामा रोग तथा किरा फैलिन सक्ने जोखिमलाई ध्यानमा राख्दै आयात प्रक्रियामा कडाइ गरिएको जनाएको छ। केन्द्रका अनुसार भारतबाट आयात हुने आँपलाई 'हट वाटर ट्रिटमेन्ट' प्रक्रिया पूरा गरिएको हुनुपर्ने र त्यसको आधिकारिक प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था लागू गरिएको छ।
केन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृत प्रकाश पौडेलले आँप आयातमा प्रतिबन्ध नभई जैविक सुरक्षासम्बन्धी मापदण्ड कडाइ गरिएको बताए। उनका अनुसार भारतबाट आउने आँपमा हानिकारक शत्रुजीव तथा रोगको सम्भावना देखिएकाले अतिरिक्त सावधानी अपनाइएको हो।
नयाँ व्यवस्था लागू भएसँगै भारतीय आँपको आयातमा कमी आएको छ। भारतमा उपचार तथा प्रमाणीकरण प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा धेरै



व्यापारीले आवश्यक सर्त पूरा गर्न नसकेको जनाइएको छ। यद्यपि आवश्यक प्रक्रिया पूरा गरी ल्याइने आँपको आयात भने रोकिएको छैन।
अधिकारीहरूका अनुसार हाल बजारमा बिक्री भइरहेका भारतीय आँपहरू अधिकांश पुरानो आयात स्वीकृतिका आधारमा भित्रिएका हुन्। आयात अनुमति पत्रको म्याद बाँकी रहेकाले केही समयसम्म भारतीय आँप बजारमा उपलब्ध भइरहने अवस्था छ। क्वारेन्टिन निकायले आवश्यक स्वीकृति र प्रमाणपत्रबिना भित्र्याइने आँपलाई अवैध मानिने जनाएको छ। केवल भन्सार महसुल तिरेर कृषि उपज आयात गर्न नपाइने र नियम उल्लंघन भए कानुनी कारबाहीसमेत हुन सक्ने चेतावनी दिइएको छ। मधेश प्रदेश देशकै प्रमुख आँप उत्पादन क्षेत्र भएकाले नयाँ व्यवस्थाले स्थानीय उत्पादनलाई रोग-किराको जोखिमबाट जोगाउनुका साथै किसानलाई बजार विस्तारको अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ। धनुषा, महोत्तरी, सिरहा र सप्तरीका किसानले विगतदेखि भारतीय आँपको अत्यधिक आयातका कारण स्वदेशी उत्पादनले उचित मूल्य नपाएको गुनासो गर्दै आएका छन्। यता फलफूल तथा तरकारी व्यवसायीहरूले भने आयातमा कडाइका कारण बजारमा फलफूलको आपूर्ति प्रभावित हुन सक्ने बताएका छन्। व्यवसायीहरूका अनुसार स्वदेशी उत्पादनले मात्र बजारको सम्पूर्ण माग धान्न नसक्ने भएकाले सन्तुलित नीति आवश्यक छ।
सरकारी निकायले भारतीय आँपमा पूर्ण प्रतिबन्ध लगाइएको भन्ने प्रचार तथ्यहीन रहेको दोहोऱ्याउँदै हालको व्यवस्था स्वदेशी कृषि उत्पादनको संरक्षण र जैविक सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले लागू गरिएको जनाएको

## ललिता दास...

पार्टी नेपालको केन्द्रीय सदस्यका रूपमा सक्रिय छिन्।
जातीय विभेद, छुवाछुत, सामाजिक अन्याय तथा उत्पीडनविरुद्ध सडकदेखि सदनसम्म निरन्तर आवाज उठाउँदै आएकी ललिता दासले 'विद्रोही' नामबाट विशिष्ट पहिचान निर्माण गरेकी छन्। विभिन्न अधिकारमुखी आन्दोलनमा सक्रिय सहभागिता जनाएका कारण उनी पटक-पटक पक्राउसमेत परेकी थिइन्।
सामाजिक कुरीति र लैङ्गिक विभेदविरुद्ध दृढ अडान राख्दै आएकी उनले २०८० सालमा आमाको निधनपछि छोरीले शव बोक्न नहुने परम्परागत मान्यता तोड्दै माइती गाउँदेखि कमला नदीसम्म आमाको शव बोकेर अन्त्येष्टिमा सहभागी भएकी थिइन्। उनले १३ दिनसम्म कपाल खौरिएर काजकिरिया सम्पन्न गर्दै लैङ्गिक समानताको सशक्त सन्देश दिएकी थिइन्।
रेडियो पत्रकारितामा समेत सक्रिय रहिसकेकी ललिता दासका दर्जनौं लेख तथा रचनाहरू विभिन्न सञ्चारमाध्यममा प्रकाशित छन्। सामाजिक रूपान्तरण र अधिकारका सवालमा उनको सक्रियता निरन्तर रहँदै आएको छ। पुरस्कारका नामदाता समाजसेवी बद्रीप्रसाद पहाडी शिक्षा, समाजसेवा तथा सामाजिक संस्थामार्फत दीर्घकालीन योगदान पुऱ्याएका व्यक्तित्वका रूपमा परिचित छन्। सिराहामा वि.सं. १९९९ चैत १ गते जन्मिएका उनले मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय कार्यालय भवन निर्माणका लागि एक करोड रुपैयाँ सहयोग प्रदान गरेका थिए।
मानव अधिकार तथा शान्ति समाजले सामाजिक रूपान्तरण, मानव अधिकारको प्रवर्द्धन तथा समावेशी समाज निर्माणमा योगदान पुऱ्याउने व्यक्तित्वलाई हरेक वर्ष 'कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार' प्रदान गर्दै आएको छ।

## मधेशका...

दबाबमूलक कार्यक्रमसमेत अघि बढाइने उल्लेख गरे।
संघले मधेश प्रदेशका सबै शैक्षिक परामर्श संस्थाहरूलाई साझा हितका लागि एकताबद्ध हुन आग्रह गरेको छ।
विशेषज्ञहरूका अनुसार यस्तो छाता संगठन गठनले परामर्श क्षेत्रलाई अझ व्यवस्थित, उत्तरदायी र पारदर्शी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको

## तलब ...

छ। प्रयोगशालाका प्रमुख डा. नागेन्द्र यादवका अनुसार अधिकांश कर्मचारीको तलब माघ महिनादेखि मात्र बक्यौता रहेको छ। प्रदेश सरकारबाट आवश्यक बजेट समयमै प्राप्त हुन नसक्नु र केही स्थानीय तहबाट परीक्षण शुल्कको रकम सम्बन्धित निकायमा जम्मा नगरिनु समस्याको मुख्य कारण भएको उनको भनाइ छ।
उनका अनुसार केही स्थानीय तहले प्रयोगशाला परीक्षणबाट उठेको शुल्क समयमै नबुझाउँदा त्यहाँ कार्यरत कर्मचारीको तलब भुक्तानीमा थप समस्या देखिएको छ। यद्यपि सेवा प्रभावित भएको अवधिमा पनि कर्मचारीहरूको पारिश्रमिक पठाउने प्रयास गरिएको उनले बताए।
प्रदेश सरकारले २०८० असारदेखि आठवटै जिल्लाका सबै पालिकामा सुलभ स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने उद्देश्यले प्रयोगशाला सेवा विस्तार गरेको थियो। स्थानीय तहको भवन र प्रदेश सरकारको प्राविधिक सहयोगमा सञ्चालन गरिएका यी प्रयोगशालाले सर्वसाधारणलाई कम शुल्कमा ४६ प्रकारका परीक्षण सेवा उपलब्ध गराउँदै आएका थिए।
तर पछिल्लो समय आवश्यक केमिकल अभाव, बजेट व्यवस्थापनमा समस्या तथा खरिद प्रक्रियाको जटिलताले धेरै प्रयोगशालाको सेवा प्रभावित बनेको छ। कर्मचारी आन्दोलनमा उत्रिएसँगै स्वास्थ्य परीक्षण सेवा अझ प्रभावित हुने र त्यसको असर प्रत्यक्ष रूपमा सेवाग्राहीमाथि पर्ने देखिएको छ।

## मटिअर्वा ...


छ भने वैध व्यापारसमेत प्रभावित भएको छ। फर्सी बीउदेखि दैनिक उपभोग्य सामग्रीसम्मको अवैध ओसारपसार बढ्दै गएको उनीहरूको भनाइ छ।
नयाँ नेतृत्व आएपछि सीमा क्षेत्रमा कडाइ हुने अपेक्षा भए पनि मटिअर्वा नाकामा तस्करी रोकथाममा ठोस परिवर्तन नदेखिएको स्थानीयको गुनासो छ। उनीहरूले नयाँ 'चेन अफ कमाण्ड' प्रभावकारी रूपमा कार्यान्वयन भए/नभएको कुरा आगामी दिनमा स्पष्ट हुने बताएका छन्।
सुरक्षा निकायका अधिकारीहरूले भने सीमा क्षेत्रमा नियमित गस्ती र निगरानी भइरहेको दाबी गर्दै आएका छन्। उनीहरूका अनुसार खुला सीमा, सीमित जनशक्ति र संगठित नेटवर्कका कारण नियन्त्रण चुनौतीपूर्ण बनेको छ।
जिम्मेवार प्रहरीको रेडिमेड जवाफ आरोप हो, खुल्ला बोर्डर चुनौति भन्दै बचाउ गरे।
स्थानीय सरोकारवालाहरूले तत्काल प्रभावकारी अनुगमन, पारदर्शी कारबाही र कडाइ नभए तस्करी झन् संस्थागत हुने जोखिम रहेको चेतावनी दिएका छन्।

## कमला...

छ। निर्माण कम्पनीले पटक-पटक काम अघि बढाउने प्रयास गरे पनि प्राविधिक समस्या, वित्तीय विवाद र मौसमीय चुनौतीका कारण प्रगति सुस्त रहेको बताइएको छ। यसबीच विभिन्न समयमा आएका भौतिक पूर्वाधार मन्त्रीहरूले स्थलगत निरीक्षण गर्दै निर्माण तीव्र बनाउन निर्देशन दिँदै आएका छन्।
हालैका दिनमा पनि तत्कालीन मन्त्रीको अनौपचारिक स्थलगत निरीक्षणपछि निर्माण कम्पनीलाई काम तीव्र बनाउन आग्रह गरिएको थियो। तर ठोस प्रगति नहुँदा परियोजना अझै अनिश्चित अवस्थामा पुगेको छ। पुल नबन्दा धनुषा र सिरहाका नागरिकले लामो दूरीको वैकल्पिक मार्ग प्रयोग गर्न बाध्य भएका छन्। स्थानीयवासीका अनुसार जनकपुरधाम आवतजावतमा समय र खर्च दुवै बढेको छ। आपतकालीन स्वास्थ्य सेवा लिनसमेत कठिनाइ भइरहेको उनीहरूको गुनासो छ। हुलाकी राजमार्ग अन्तर्गत पर्ने यो पुल सञ्चालनमा आए मधेश प्रदेशको पूर्व-पश्चिम तथा उत्तर-दक्षिण आवागमन सहज हुने अपेक्षा गरिएको थियो। तर लगातारको ढिलाइ र विवादका कारण परियोजना अझै पूरा हुन सकेको छैन। स्थानीय तह र सरोकारवालाहरूले पुल निर्माणलाई प्राथमिकतामा राखेर तत्काल समाधान खोज्नुपर्ने माग गर्दै आएका छन्। तर हालसम्म नयाँ मिति वा स्पष्ट कार्ययोजना सार्वजनिक नभएकाले कमला पुलको भविष्य अझै अनिश्चित देखिएको छ।


## मानमत...

नियमित रूपमा पानी छर्किने व्यवस्था मिलाउनुपर्ने आवश्यकता देखिन्छ।
मध्यकालीन रूपमा सडकमा सुरक्षित यातायातका लागि स्पीड नियन्त्रण, चेतावनी संकेत बोर्ड, र संवेदनशील क्षेत्रहरूमा मजबुत बेस निर्माण गरी क्रमिक रूपमा स्तरोन्नति गर्नुपर्ने देखिन्छ। दीर्घकालीन रूपमा भने यो सडकलाई गुणस्तरीय कालोपत्रे (अस्फाल्ट) सडकका रूपमा निर्माण गरी दिगो समाधान गर्न आवश्यक छ।
यसका लागि स्पष्ट डिजाइन, पर्याप्त बजेट, समयसीमा र गुणस्तर परीक्षण प्रणाली सुनिश्चित गर्नुपर्ने हुन्छ। साथै, सडक निर्माण र मर्मतमा देखिने ढिलाइको मुख्य कारण ठेक्का व्यवस्थापन, कमजोर अनुगमन र निकायगत समन्वयको अभाव रहेको स्थानीयको आरोप छ। त्यसैले सडक डिभिजन कार्यालय, स्थानीय तह र संघीय सरकारबीच स्पष्ट जिम्मेवारी बाँडफाँड र नियमित अनुगमन प्रणाली अनिवार्य छ।
स्थानीयवासीका अनुसार विकास योजनामा राजनीतिक हस्तक्षेप कम गरी प्राविधिक तथा पारदर्शी कार्यान्वयन प्रणाली अपनाइए मात्र समस्या दीर्घकालीन रूपमा समाधान हुन सक्छ। जनप्रतिनिधिहरूले अब कागजी आश्वासन होइन, प्रत्यक्ष परिणाम देखिने गरी काम अघि बढाउनुपर्ने उनीहरूको माग छ।
समग्रमा, मानमत-मटिअर्वा सडक केवल यातायातको मार्ग मात्र नभई स्थानीय विकास, स्वास्थ्य र जीवनस्तरसँग जोडिएको महत्वपूर्ण संरचना भएकाले यसको शीघ्र सुधारलाई प्राथमिकतामा राख्नु अब अपरिहार्य बनेको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु


- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# तलब नपाउँदा आक्रोशित प्रयोगशालाकर्मी, असार १ देखि आन्दोलन उत्रने

***जनकपुरधाम, जेठ ३० –***
मधेश प्रदेशका स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीहरूले लामो समयदेखि तलब नपाएको भन्दै आन्दोलनको घोषणा गरेका छन्। बक्यौता पारिश्रमिक, सेवा सम्झौता नवीकरण र विभिन्न भत्ताको माग राख्दै उनीहरू असार १ गतेदेखि चरणबद्ध आन्दोलनमा उत्रिन लागेका हुन्।

प्रदेशभरका १३६ स्थानीय तहमा कार्यरत प्रयोगशालाकर्मीहरूको संयुक्त संघर्ष समितिले सरकारलाई तत्काल समस्या समाधान गर्न आग्रह गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ। समितिका अनुसार चालु आर्थिक वर्षभरि नै तलब भुक्तानीमा अनियमितता देखिएको छ भने धेरै कर्मचारीले सात महिनासम्मको पारिश्रमिक प्राप्त गर्न सकेका छैनन्।

संघर्ष समितिका संयोजक मोहम्मद साजिद राइनले कर्मचारीहरूले




नियमित रूपमा स्वास्थ्य सेवा प्रवाह गरिरहे पनि राज्यले न्यूनतम श्रम अधिकारको समेत सम्मान नगरेको आरोप लगाए। उनले पटक-पटक सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँदा पनि कुनै ठोस पहल नभएको बताए।

प्रयोगशालाकर्मीहरूले बक्यौता तलब तत्काल उपलब्ध गराउन, सेवा सम्झौता नवीकरण गर्न, चाडपर्व भत्ता, पोशाक भत्ता, जोखिम भत्ता तथा महँगी भत्ता उपलब्ध गराउन माग गरेका छन्। साथै आगामी आर्थिक वर्षदेखि तलब भुक्तानी नियमित हुने सुनिश्चित व्यवस्था गर्न र पेशागत सुरक्षाको प्रत्याभूति दिन पनि सरकारसँग आग्रह गरेका छन्।

यता प्रदेश जनस्वास्थ्य प्रयोगशालाले भने कर्मचारीहरूको सबै दाबी यथार्थ नभएको जनाएको

बाँकी तेस्रो पृष्ठमा

# जग्गा रोक्का गर्ने नाममा घुस लिँदै नायव सुब्बा पक्राउ

***काठमाडौँ, जेठ ३० –***
जग्गा रोक्का गरिदिने काममा सहजीकरण गर्ने बहानामा सेवाग्राहीसँग घुस लिएको आरोपमा भूमिसुधार तथा मालपोत कार्यालय, मनाङका नायव सुब्बा पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार नायव सुब्बा ज्ञानराज कण्डेललाई सेवाग्राहीसँग ४० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा रंगेहात पक्राउ गरिएको हो। आयोगको कार्यालय पोखराबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको जनाएको छ।

अख्तियारका अनुसार जग्गा रोक्का गर्ने प्रक्रियामा सहजीकरण गरिदिने भन्दै घुस मागिएको भन्ने उजुरीपछि अनुसन्धान अघि बढाइएको थियो। सोही क्रममा कण्डेललाई पक्राउ गरिएको आयोगले जनाएको छ। पक्राउपछि गरिएको तलासीका क्रममा उनको साथबाट घुस रकम ४० हजार




रुपैयाँ र स्रोत नखुलेको थप २१ हजार ७० रुपैयाँसमेत बरामद गरिएको अख्तियारले जनाएको छ।

घटनापछि कण्डेललाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

उनका अनुसार सार्वजनिक सेवा प्रवाहमा हुने भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण गर्न आयोगले निगरानी र अनुसन्धानलाई निरन्तरता दिइरहेको छ। यस घटनाले सार्वजनिक कार्यालयमा सेवा लिन आउने सर्वसाधारणमाथि हुने अनियमितता र घुसखोरीबारे पुनः प्रश्न उठाएको छ। सम्बन्धित निकायले यस्ता गतिविधि रोक्न कडाइका साथ निगरानी बढाउने बताएको छ।

# बारामा हुलाक सेवामार्फत राहदानी वितरण सुरु, पहिलो दिन २६ जनाले पाए घरमै सेवा

***संवाहक सम्वादाता-३० बैशाख, कलैया***
बारामा सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने उद्देश्यसहित हुलाक सेवामार्फत राहदानी घरदैलोमै पुऱ्याउने व्यवस्था सुरु गरिएको छ। पहिलो चरणको परीक्षण सफल भएपछि शुक्रबार एकै दिन २६ जना सेवाग्राहीले आफ्नै घरमै राहदानी प्राप्त गरेका छन्। जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला हुलाक कार्यालय बाराबीच भएको सम्झौताअनुसार यो सेवा कार्यान्वयनमा ल्याइएको हो। गत वैशाख २५ गते भएको सम्झौतापछि पहिलो चरणमा २८ वटा राहदानी हुलाक कार्यालयलाई हस्तान्तरण गरिएको थियो। सोही आधारमा वितरण प्रक्रिया सुरु गरिएको जिल्ला हुलाक कार्यालयले जनाएको छ।

हुलाक कार्यालयका अनुसार प्राप्त राहदानीमध्ये अधिकांश सम्बन्धित सेवाग्राहीको घरमै पुगेर वितरण गरिएको हो। बाँकी राहदानी पनि





प्रक्रिया पूरा गरी चाँडै हस्तान्तरण गरिने जनाइएको छ। सेवाको सुरुवाती चरणमै उत्साहजनक प्रतिक्रिया आएको कार्यालयको दाबी छ।

यसअघि राहदानी तयार भएपछि सेवाग्राही स्वयं जिल्ला प्रशासन कार्यालय पुगेर लिनुपर्ने बाध्यता थियो। विशेषगरी वैदेशिक रोजगारी, अध्ययन तथा अन्य प्रयोजनका लागि राहदानी बनाउने नागरिकलाई प्रशासन कार्यालयसम्म दोहोऱ्याएर जानुपर्ने झन्झट थियो। नयाँ व्यवस्थाले त्यो समस्या घट्ने अपेक्षा गरिएको छ। हुलाक सेवामार्फत राहदानी वितरण सुरु भएपछि सेवाग्राहीको समय र खर्च दुवै बचत हुने, साथै प्रशासन कार्यालयमा हुने भीड समेत कम हुने विश्वास गरिएको छ। सरकारी सेवा विस्तार र डिजिटल-सहज प्रशासनिक प्रणालीतर्फ यो कदमलाई महत्वपूर्ण उपलब्धि मानिएको छ।

# सम्पत्ति विवरण बुझाउन नेताहरूको दौडधुप, आयोग सक्रिय भएपछि कागजात संकलनमा व्यस्त

***काठमाडौँ, जेठ ३० –***
२०६२/०६३ सालदेखि हालसम्म सार्वजनिक पदमा रहेकाहरूको सम्पत्ति विवरण संकलन तथा छानबिन गर्ने आयोग सक्रिय भएसँगै राजनीतिक दलका नेता र उच्चपदस्थ कर्मचारीहरू आवश्यक कागजात जुटाउन व्यस्त भएका छन्।

सम्पत्ति जाँचबुझ छानबिन आयोगले विभिन्न कालखण्डमा सांसद, मन्त्री तथा सरकारी उच्च पदमा रहेकाहरूलाई आफ्नो सम्पत्ति विवरण प्रमाणसहित बुझाउन निर्देशन दिएपछि उनीहरू आफ्ना पुराना कागजात खोजी गर्न मन्त्रालय, संसद् सचिवालय तथा सम्बन्धित निकायमा पुगिरहेका छन्।

आयोगको कामले विगतमा विभिन्न पदमा रहँदा गरिएको आर्थिक गतिविधि, विदेश भ्रमण, भत्ता, तलब तथा खर्च विवरणसमेत खुलाउनुपर्ने भएकाले धेरैलाई आवश्यक कागजात जुटाउन कठिनाइ भएको बताइएको छ। कतिपयले पुराना विवरण पाउनै गाह्रो भएको गुनासो गरेका छन्।

पूर्व सांसद तथा नेताहरूका अनुसार संसद् सचिवालय, मन्त्रालय र सम्बन्धित कार्यालयहरूमा वर्षौं पुराना रेकर्ड खोज्नुपर्ने अवस्था आएको छ। विदेश भ्रमण, तालिम, मिसन तथा अन्य कार्यक्रममा प्राप्त सुविधा र खर्चको विवरण समेत खुलाउनुपर्ने व्यवस्थाले प्रक्रिया थप जटिल बनेको उनीहरूको भनाइ छ।

एक पूर्व सांसदका अनुसार




विगतका विवरण व्यवस्थित रूपमा राखिएको नहुँदा अहिले आयोगमा बुझाउन कठिन भइरहेको छ। कतिपयले भने पहिले नै बुझाइसकेको सम्पत्ति विवरणलाई नै आधार मानेर छानबिन गर्नुपर्ने तर्क गरेका छन्।


सरकारी पदमा रहँदा प्राप्त तलबभन्दा खर्च बढी हुने अवस्थामा व्यक्तिगत तथा पारिवारिक स्रोतको विवरण खुलाउनुपर्ने व्यवस्थाले समेत जटिलता थपिएको नेताहरूको भनाइ छ। केही पूर्व पदाधिकारीहरूले गिफ्ट, दाइजो तथा पैतृक सम्पत्तिको स्रोत प्रमाणित गर्न कठिन हुने बताएका छन्।


यता आयोगले भने पारदर्शिता र सुशासन कायम गर्न विस्तृत सम्पत्ति विवरण आवश्यक भएको बताउँदै आएको छ। २०६२/०६३ पछि सार्वजनिक पदमा रहेकाहरूको सम्पत्ति छानबिन गर्ने निर्णयअनुसार प्रक्रिया अघि बढाइएको आयोगको भनाइ छ।


आयोगको सक्रियतासँगै नेता तथा कर्मचारीहरू आफ्नो पुराना अभिलेख खोज्ने र आवश्यक कागजात मिलाउने काममा जुटिरहेका छन्। यसले राजनीतिक वृत्तमा चर्चा बढाएको छ भने छानबिन प्रक्रियालाई लिएर विभिन्न प्रतिक्रिया पनि आएका छन्।


कतिपय नेताहरूले छानबिन प्रक्रियालाई सकारात्मक कदमका रूपमा समर्थन गरे पनि विगतका विवरण आधार मानेर मात्र अगाडि बढाउनुपर्ने सुझाव दिएका छन्। अन्यथा अनावश्यक प्रशासनिक झन्झट बढ्ने उनीहरूको भनाइ छ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा–बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।